# नेपाल पत्रकार महासंघको केन्द्रीय कार्य समिति मातहत रहेका सवै तहका पदमा हुने निर्वाचन सम्बन्धी नेपाल पत्रकार महासंघको निर्वाचन (कार्यविधि) निर्देशिका २०६४

## (पाँचौ संशोधन २०८१)

नेपाल पत्रकार महासंघको आसन्न अधिवेशन/निर्वाचन व्यवस्थित गर्न निर्वाचन समितिको गठन र निर्वाचन प्रक्रिया तोक्न आवश्यक देखिएकोले महासंघको विधान २०६० (पाँचौ संशोधन-२०७७) को परिच्छेद ९ दफा ३५ (१) ले दिएको अधिकार प्रयोग गरी २०८१ बैशाख १९ गतेको केन्द्रीय समितिको बैठकको निर्णय बमोजिम निर्वाचन (कार्यविधि) निर्देशिका-२०६४ मा केही संशोधन सहित **निर्वाचन कार्यविधि निर्देशिका २०६४ (पाँचौ संशोधन २०८१)** जारी गरिएको छ । यो निर्देशिका नेपाल पत्रकार महासंघको केन्द्र र मातहतका शाखा समिति, जिल्ला समिति, प्रदेश परिषद् सदस्य र केन्द्रीय परिषद सदस्यका साथै एशोसिएट सदस्य संस्थाबाट हुने  परिषद सदस्य चयनका हकमा समेत लागू हुनेछ ।

१. मतदाता नामावली महासंघको केन्द्रीय समितिले स्वीकृत गरे अनुसार हुनेछ ।

२. केन्द्रीय समितिले निर्धारण गरे बमोजिम अधिवेशन तथा निर्वाचनको मिति घोषणा गरी निर्वाचन हुने घोषित मिति भन्दा कम्तीमा १ महिना अगावै वरिष्ठ पत्रकारको संयोजकत्वमा ७ सदस्य रहेको केन्द्रीय निर्वाचन समिती रहने छ । केन्द्रीय निर्वाचन समितीको मातहतमा देहाय बमोजिमको प्रदेशमा प्रदेश निर्वाचन समिती र शाखामा शाखा निर्वाचन समिति गठन गरी सोको जानकारी केन्द्रीय कार्यालयमा निर्वाचन हुनु भन्दा १५ दिन अगावै पठाइसक्नुपर्नेछ ।

(क) मुख्य निर्वाचन अधिकृतः महासंघको सदस्य भएको सम्बन्धित प्रदेश, शाखा सम्बद्ध वरिष्ठ पत्रकार १

(ख) निर्वाचन अधिकृत : कानुन व्यवसायी (अनिवार्य) १

(ग) निर्वाचन अधिकृत : क्रियाशील पत्रकार वा कानून व्यवसायी - १ जना

३ निर्वाचन समितिमा रहेको कुनै तहको पत्रकारले कुनै पनि तहको पदमा उम्मेदवार हुन पाउने छैन । तर, मतदान गर्न भने पाउने छन् ।

४. निर्वाचन कार्यक्रम तय गर्ने अधिकार केन्द्रीय कार्यसमितिको परामर्शमा केन्द्रीय निर्वाचन समितिलाई हुनेछ । तर, प्रदेश र शाखामा निर्वाचन प्रयोजनका लागि खटाइएको केन्द्रीय प्रतिनिधिको उपस्थिति अनिवार्य रहनेछ ।

५. विधान धारा ३५ बमोजिम केन्द्र, प्रदेश, शाखा, एशोसिएट तथा प्रदेश परिषद सदस्य र केन्द्रीय परिषद सदस्यहरुको छनौट गर्दा एक उम्मेदवारका लागि एक जना प्रस्तावकबाट प्रस्तावित तथा एक जना समर्थकबाट समर्थित हुनुपर्ने छ । एकजना सदस्यले जति जनालाई मतदान गर्न पाउने हो, ती पदका उम्मेदवारका लागि प्रस्तावक र सर्मथक बस्न पाउने छन् । तर एकै पदका दुई उम्मेदवारका लागि प्रस्तावक र समर्थकको नाम दोहोरिनु हुँदैन । कथंकदाचित उम्मेदवारको अन्तिम नामावली प्रकाशित हुनु भन्दा अघि प्रस्तावक र समर्थकको नाम दोहोरिन गएको पाइएमा निर्वाचन समितिले सो त्रुटि सच्याउन निश्चित समय दिन सक्नेछ । कुनै परिषद सदस्यको प्रस्तावक र समर्थक हुने साधारण सदस्यले सम्बन्धित परिषद सदस्यको उम्मेदवार हुन पाउने छैन तर प्रदेश परिषद सदस्यले केन्द्रीय र केन्द्रीयले प्रदेश परिषद सदस्यको प्रस्तावक समर्थक बस्न र उम्मेदवार हुन बाधा पुगेको मानिने छैन ।

६. केन्द्रीय तथा प्रदेश परिषद सदस्य निर्वाचन विधिः

१. केन्द्रीय परिषद सदस्यः प्रत्येक शाखा तथा संस्थागत सदस्य संस्थाबाट हरेक ५० सदस्यमध्येबाट १ जनाका दरले केन्द्रीय परिषद सदस्य् निर्वाचित हुनेछन् । यसरी हिसाब गर्दा दशमलवमा आउने संख्यामा ०.५ भन्दाबढी आएमा थप १ परिषद सदस्य् प्रतिनिधि छानिने छन् ।

उदाहरणः

क) कुनै शाखामा कूल १२५ जना सदस्य छन भने केन्द्रीय परिषद सदस्यको चयन यस प्रकार रहने छ :

पहिले १०० जनासम्म, १००/५० . .२ अर्थात जम्मा २ जना,

बाँकी २५ जनाको हकमा, २५/५० . ०.५ अर्थात ० जना, कूल ३ जना

परिषद सदस्य्को छनोट गर्दा प्रचलित समावेशी सिद्धान्तको आधारमा अनिवार्य हुनुपर्नेछ ।

२. प्रदेश परिषद सदस्यः प्रत्येक शाखा तथा संस्थागत सदस्य संस्थाबाट हरेक १५ जना सदस्यमध्येबाट १ जनाका दरले प्रदेश परिषद सदस्य निर्वाचित हुनेछन् । यसरी हिसाब गर्दा ५० प्रतिशतभन्दा बढी अर्थात थप ८ जना सदस्य पुगेमा थप १ जना प्रदेश परिषद सदस्य चयन गरिने छ । जस्तैः कुनै शाखा वा एशोसियट संस्थामा २३ जना सदस्य छन् भने १५ जना बराबर १ जना र थप ८ जना बराबर थप १ जना गरी २ जना प्रदेश परिषद सदस्य् चयन हुने छन् ।

७. कुनै एक व्यक्ति कुनै पनी तहको निर्वाचित हुने पदमा एक पदका लागि मात्र उम्मेदवार हुन पाउनेछ ।

८. विधानबमोजिम सदस्यको अवधि गणना गर्दा केन्द्रीय समितिले पठाएको अभिलेखको आधारमा हुनेछ र यस्तो अवधि गणना गर्दा उम्मेदवारी दर्ता गर्ने दिनसम्मको अवधिलाई गणना गरिने छ । कुनै उम्मेदवारको योग्यतामा प्रश्न उठी सोसम्बन्धमा विरोध परेमा दावी प्रमाणित गर्ने जिम्मेवारी सम्बन्धित विरोध गर्नेमा नै रहनेछ ।

९. निर्वाचन कार्यतालिका, उम्मेदवार मनोनयन पत्रको ढाँचा, मतपत्रको ढाँचा र प्रमाणपत्रको ढाँचा केन्द्रीय निर्वाचन समितिले तोके अनुसार हुनेछ ।

१०. उम्मेदवारी तथा निर्वाचन प्रकृयामा कुनै विवाद परेमा विधानको व्यवस्था एवं यस निर्देशिकाले व्यवस्था गरे बमोजिम विवादको निरुपण आपसी सहमतिमा टुङ्गो लगाउने अधिकार सम्बन्धीत निर्वाचन समितिलाई हुनेछ । निर्वाचन समितिले सुल्झाउन नसकेको विवादको अन्तिम किनारा लगाउने अधिकार केन्द्रीय अध्यक्षसँगको समन्वयमा केन्द्रीय प्रतिनिधिमा रहनेछ ।

११. शाखा कार्य समिति तथा परिषद सदस्य निर्वाचन निष्पक्ष एवं भयरहित नभएको भनी विश्वासलाग्दो प्रमाण सहित कुनै उजुरी गर्नुपर्ने भएमा निर्वाचन सम्पन्न भएको १५ दिन भित्रै महासंघ केन्द्रीय समिति समक्ष उजुरी गर्न सकिनेछ । यसरी परेको उजुरी उपर केन्द्रीय समितिले छानविन गरी १५ दिन भित्र निर्णय गरी विधान बमोजिम आवश्यक कार्वाही गर्नेछ । ढिलो गरी परेको उजुरी उपर कुनै कार्वाही हुने छैन ।

१२. सवै तहको निर्वाचन तथा परिषद निर्वाचनमा समावेशी सिद्धान्तलाई प्राथमिकता दिनु पर्नेछ । कुनै शाखामा निश्चित समावेशी समुदाय अर्थात महिला, दलित, जनजाति,

मधेशी वा अन्य समावेशी समुदायको व्यक्ति सदस्य नै नरहेको हकमा अनिवार्यताको प्रावधान लागू हुने छैन ।

१३. सवै तहको निर्वाचनको लागी देहाय बमोजिम उम्मेद्वारी शुल्क लाग्नेछः

१. केन्द्रीय कार्य समितीको अध्यक्षको लागी रु.१०,०००/- (दश हजार) केन्द्रीय पदाधिकारीको लागी रु.८,०००/- (आठ हजार) र केन्द्रीय कार्य समिती सदस्य तथा लेखा समिति संयोजक तथा सदस्यको लागी रु.६,०००/-(छ हजार) ।

२. प्रदेश कार्यसमितिको अध्यक्षको लागी रु.७,०००/-(सात हजार) प्रदेश पदाधिकारीको लागी रु.५,०००/-(पाँच हजार) र सदस्यको लागी रु.४,०००/- (चार हजार) ।

३. शाखा तथा एशोसियट अध्यक्षको उम्मेदवारीका लागि रु. २०००।- (दुई हजार), अन्य पदाधिकारी एवं केन्द्रीय तथा प्रदेश परिषद सदस्यको उम्मेदवारीका लागि रु. १०००।- (एक हजार) र सदस्यका लागि रु. ५००।- (पाँच सय)

उम्मेदवारी शुल्क फिर्ता हुनेछैन । सम्बन्धीत निर्वाचन समितिले सो शुल्क निर्वाचन प्रयोजनका लागि खर्च गर्न सक्नेछ । निर्वाचन समितिका प्रमुख र सदस्यहरुको पारिश्रमिक सम्बन्धित सम्बन्धीत कार्यसमितिले तोके बमोजिम हुनेछ । तर हिसाब किताब निर्वाचन सकिएको ७ दिन भित्र सम्बन्धितसमिति समक्ष फछ्र्योट गर्नुपर्नेछ ।

१४. मतगणनाः मतदान पश्चात लगत्तै गर्नु पर्नेछ । मत सदर वा बदर गर्ने विषयमा सम्बन्धीत निर्वाचन समितिले उम्मेदवारहरूको प्रतिनिधिसँगको रोहबरमा गरेको निर्णय बमोजिम हुनेछ ।

१५. मतगणना गर्दा कुनै दुई वा दुई भन्दा बढी उम्मेदवारहरूले प्राप्त गरेको मत बराबर भएमा निर्वाचन समितिले बराबर मत प्राप्त उम्मेदवारहरू बीच आपसी सहमतिमा आलोपालो वा गोला हाली निर्णय गर्नु पर्नेछ ।

१६. निर्वाचनका क्रममा उम्मेदवार वा उम्मेदवारको पक्षमा होडिङ बोर्ड, फ्लेक्स ब्यानर, क्यालेण्डर, विज्ञापनजस्ता रंगीन र भड्किला सामग्री प्रयोग गर्न पाइने छैन । सामाजिक सञ्जालमा आरोप-प्रत्यारोप गर्न पाइने छैन । तर यो व्यवस्थाले सामान्य कागजमा वढीमा ए फोर साइजको पर्चा निकाल्न बाधा पुऱ्याइएको मानिने छैन ।

१७. सबै तहको अधिवेशनको प्रतिवेदन एवं निर्वाचित पदाधिकारी, सदस्य र परिषद सदस्य विवरण सम्बन्धित केन्द्रीय प्रतिनिधि र निर्वाचन समितिबाट प्रमाणित गरी निर्वाचन सम्पन्न भई मतगणना भए पश्चात केन्द्रीय निर्वाचन समितीलाई पेश गरी सक्नुपर्ने कर्तव्य सम्बन्धित कार्यसमिति र निर्वाचन समितिको हुनेछ ।